# राजपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६) गंगदी, दाङ, माघ २९ गते, २०७९ साल (संख्याः ६

## भाग-२

### राजपुर गाउँपालिकाद्वारा प्रकाशित

## मर्मत संभार कोष संचालन कार्यविधि, २०७९

**प्रस्तावनाः-**

भौतिक पुर्वाधार विकासको आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिचाई भवन जस्ता पुर्वाधारहरुले महत्वपुर्ण भूमिका खेलेको हुन्छ । सर्वसुलभ यातायात, सिचाईको पहूँच ग्रामीण क्षेत्रसम्म पुऱ्याउने गाउँपालिकाको लक्ष्य पनि हो । गाउँ क्षेत्रमा सडकहरुको ट्र्याक खन्ने कार्य बढ्दो छ र बनिसकेको सडकमा यातायात सूचारु गर्नको लागि तथा सुरक्षित र भरपर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरुरी हुन्छ । तसर्थ सडक, सिचाई, भवन जस्ता पुर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो बनाउनको लागि मर्मत सम्भार कोष स्थापना गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी राजपुर गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१ (एक)

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यो कार्यविधिको नाम "मर्मत संभार कोष संचालन कार्यविधि २०७९" रहने छ ।

ख) यो कार्यविधि तत्काल लागु हुनेछ ।

**२. परिभाषाः-**

क) "कार्यविधि" भन्नाले मर्मत सम्भार कोष संचालन कार्यविधि,२०७९लाई बुझाँउने छ ।

ख) "गाउँपालिका" भन्नाले राजपुर गाउँपालिका बुझाँउने छ ।

ग) "स्थानीय तह" भन्नाले राजपुर गाउँपालिकालाई बुझाँउने छ ।

घ) "उपभोक्ता समिति" भन्नाले गाउँपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्ने बुझाँउने छ ।

## परिच्छेद - २ (दुई)

**३. व्यवस्थापन समिति**

क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष वयवस्थापन समिति रहने छः-

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. पुर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ४. वन, वातावरण तथा बिपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ५. प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ६. गाउँसभाका सदस्यहरु मध्येबाट १ जना महिला सहित संयोजकले तोकेको २ जना | सदस्य |
| ७. पुर्वाधार विकास शाखा प्रमुख | सदस्य सचिव |

ख) समितिको बैठक कम्तिमा ६ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा संयोजकको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

ग) वैठक भत्ता गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

घ) वैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद- तीन

**४. कोष स्थापनाः-**

मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछः-

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) गाउँसभाबाट विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम ।

ङ) गाउँपालिका क्षेत्रभित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमको २% ले हुन आउने रकम ।

च) ऋणबाट प्राप्त हुने रकम ।

छ) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम ।

ज) विविध ।

**५. कोष सञ्चालन**

क) कोषको नाममा प्राप्त हुन आएको रकम राजपुर गाउँपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ ।

ख) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

ग) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ ।

घ) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद - ४ (चार)

**६. कोषको खर्च प्रणाली**

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार बिकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिनेछः-

१) सडक, कल्भट, पूल, ढल आदिको मर्मत सम्भार सम्बन्धी कार्य ।

२) सिचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत संम्भार सम्बन्धी कार्य ।

३) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य ।

४) सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुको मर्मत संभार सम्बन्धी कार्य ।

**७. मर्मत सम्भारको लागि छनौटको मापदण्डः-**

उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र गाउँपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु ।

ख) गाउँ यातायात गरुयोजना MTMP मा परेका सडकहरु ।

ग) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

घ) लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा ।

ङ) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा ।

च) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यक्ताको आधारमा ।

छ) दुई वा दुई भन्दा वढी स्थानीय तहलाई जोड्ने सडक, कृषि सडक, ग्रामिण सडक, पुल पुलेसा, कल्भट, कुलो पैनी, बाँध आदी ।

**८. मर्मत सम्भार कार्य गराउने व्यवस्थाः-**

क) गाउँ भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत संम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुनेछ ।

ख) कुनै ठाउँमा आकस्मिक अवस्था परि तत्काल मर्मत गर्नुपरेमा पछि समितिको बैठकबाट अनुमोदन हुने गरि संयोजकको आदेशबाट रु १ लाखसम्म लागत अनुमान भएको काममा मर्मत संभार गराउन सकिनेछ ।

**परिच्छेद - ५ (पाँच)**

**९. संसोधन वा खारेजीः-**

क) मर्मत सम्भार कोष संचालन कार्यविधि संसोधन वा खारेज गर्नु परेमा गाउँकार्यपालिकाबाट हुनेछ ।

ख) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ग) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ।

**प्रमाणीकरण मितिः २०७९।१०।२९**

**आज्ञाले,**

**विष्णु प्रसाद पाण्डेय**

**प्रमुख प्रशासकीय अधिकृत**